# सिलीचोङ गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८०

*स्वीकृत मिति: २०८०।०२।११*

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

सिलीचोङ गाउँपालिका

गाउँ कार्यापालिकाको कार्यालय

ताम्कु सङ्खुवासभा, कोशी प्रदेश नेपाल।

# सिलीचोङ गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि,२०८०

**<u>प्रस्तावना</u>:** सिलीचोङ गाउँपालिका अन्तर्गत विद्यार्थीहरूले विभिन्न विषयमा स्नातक तह वा सो सरह, स्नातकोत्तर तह वा सो सरह अध्ययनका लागि छात्रवृति वितरण कार्यलाई व्यवस्थित, पारदर्शी बनाउन आवश्यक भएकोले नेपालको संविधानको अनुसूची ८ को तथा स्थानीय सरकार रञ्चालन ऐन, २०७४ को दफा ११ ज. (१६) मा रहेको निशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्य क्षेत्रलाई कार्यान्वयन गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालयबाट यो कार्यविधि जारी गरिएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**

१.१ यस कार्यविधिको नाम सिलीचोङ गाउँपालिका छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

१.२ कार्यविधि कार्यापालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>:**

२.१ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **<u>'कार्यालय'</u>** भन्नाले सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) **<u>'छनौटका आधार'</u>** भन्नाले दफा ६ अनुसूची २ बमोजिमको आधार भन्ने सम्झनुपर्दछ ।

(ग) **<u>'सहयोग कार्यक्रम'</u>** भन्नाले दफा ७ अनुसूची ३ बमोजिम उपलब्ध गरिने रकम भनेर बझ्नु पर्दछ ।

(घ) **'विज्ञान विषय'** भन्नाले विज्ञान विषय संकायमा अध्ययन गर्नेलाई सम्भनु पर्दछ ।

(ङ) **'स्नातक, स्नातकोत्तर'** भन्नाले चार वर्षे वी एड र तीन वर्षे एम एड सो सरहको अध्ययनलाई बुझिन्छ ।

**३.छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिः**

३.१ छात्रवृत्ति व्यवस्थापन तथा वितरण गर्न देहाय बमोजिमको एक समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष -संयोजक

(ख) सामाजिक विकास समिति संयोजक -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) प्रशासन शाखा प्रमुख -सदस्य

(ङ) शाखागत प्रमुख -सदस्य सचिव

४. **<u>छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको काम कर्तव्य र अधिकार</u>**:

४.१ छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिको देहाय बमोजिमका काम कर्तव्य र अधिकारहरू हुनेछन् :

(क) छात्रवृत्तिका लागि आवश्यक रकम व्यवस्थापन गर्ने

सिलीचोङ गाउँपालिका कार्यालय

(ख) छात्रवृत्तिका वितरणका लागि सूचना प्रकाशनका लागि निर्णय गर्ने

(ग) सूचना प्रकाशन पश्चात फाराम भर्ने विद्यार्थीहरूको कागजातहरू रूजु गर्ने ।

(घ) छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थी छनौट गर्ने

(ङ) सम्बन्धित विद्याथीको खातामा छात्रवृति रकम निकासाका लागि सिफारिस गर्ने

**५ छात्रवृत्तिमा विद्यार्थी छनौट गर्ने प्रक्रियाः**

५.१ छात्रवृत्तिका लागि देहाय बमोजिमको प्रक्रिया अपनाइनेछ ।

(क) कम्तीमा १५ दिनको समय राखेर गाउँपालिकाले छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशन गर्नेछ ।

(ख) तोकिएको समयभित्र छात्रवृत्तिका लागि अनुसूची (१) बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्नेछ ।

(ग) आवेदकले निम्न कागजातहरू निवेदनका साथमा अनिवार्य संलग्न राखी पेश गर्नु पर्नेछ ।

(१) नागरिकता वा जन्मदर्ता प्रमाणपत्र स्वयंबाट प्रमाणित प्रतिलिपि ।

(२) सम्बन्धित विद्यार्थी अध्ययन गर्दै गरेको संस्थाबाट अध्ययन गर्दै गरेको प्रमाणित पत्र ।

(३) आवेदक विद्यार्थी यस गाउँपालिकाको बासिन्दा हुन् भन्ने सम्बन्धित विद्यार्थीको जन्मस्थल वडाबाट प्रमाणित पत्र ।

(४) आफूले छात्रवृति माग गरे तहको तल्लो तहका सबै मार्कलेजर तथा प्रमाणपत्रको स्वयंबाट प्रमाणित प्रतिलिपि ।

(५) दुईप्रति पासपोर्ट साईज फोटो ।

**६. छनौटका आधारहरूः**

६.१ छात्रवृत्तिका लागि अनुसूची २ को आधारमा छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितिले गर्नेछ ।

६.२ छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरूको नामावली गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशन गरिनेछ ।

७. **भुक्तानी दिने रकमः** छात्रवृत्ति रकम अनुसूची ३ बमोजिम उपलब्ध गराईनेछ ।

**८.भुक्तानी दिने प्रक्रियाः**

८.१ छात्रवृत्ति भुक्तानीका लागि देहायका कागजातहरूको आधारमा उपलब्ध गराइनेछ ।

(क) चालु शैक्षिक सत्रमा क्याम्पसलाई अध्ययनका लागि विभिन्न क्षेत्रमा शुल्क तिरेको सक्कल रसिद ।

(ग) चालु शैक्षिकसत्रमा अध्ययनका क्रममा स्टेशनरी,पाठ्य सामग्री खरिद गरेको सक्कल विल ।

(घ) चालु शैक्षिक सत्रमा कोठा भाडा असुल गरेको सक्कल भर्पाइ ।

८.२ उपदफा ८.१ उल्लेख गरिएका जुनसुकै प्रमाणको आधारमा बढिमा एक शैक्षिक सत्रमा अनुसूची ३ बमोजिमका विषयगत क्षेत्र तथा उल्ल्खित रकम छात्रवृत्तिको रूपमा नियमानुसार कर कटाएर भुक्तानी दिइनेछ ।

८.३ उपदफा ८.१ उल्लेख गरिएका कागजातहरूको साथमा अनुसूची ४ बमोजिमको आवेदन सहित देहायका कागजातहरू संलग्न राखी सम्बन्धित विद्यार्थीको हस्ताक्षरमा भुक्तानी माग गर्नु पर्नेछ ।

(१) सम्बन्धित विद्यार्थी अध्ययन गर्दै गरेको संस्थाबाट पछिल्लो समयसम्म अध्ययन गर्दै गरेको प्रमाणित पत्र ।

(२) आवेदक विद्यार्थी यस गाउँपालिकाको बासिन्दा हुन् भन्ने सम्बन्धित विद्यार्थीको जन्मस्थल वडाबाट निरन्तर अध्ययन गरिरहेको किटानी पत्र ।

७. **खारेजी र बचाउः** हालसम्म भुक्तानी भएका सबै प्रकारका छात्रवृत्ति यसै कार्य विधि बमोजिम भुक्तानी भएको मानिनेछ ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

**अनुसूची १**

दफा ५. को उपदफा ५.१ खण्ड (ख) बमोजिमको

आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सिलीचोङ  गाउँ कार्यपालिकाको कार्यालय ताम्कु, संखुवासभा ।

विषयः छात्रवत्तिका लागि आवेदन पेश गरेको बारे ।

प्रस्तुत विषयमा त्यस कार्यालयको च.नं.......सूचना मिति २०...........अनुसार आफु योग्य भएको हुँदा यो आवेदन पेश गरेको छु ।

१. अध्ययन गरिरहेको संस्थाको नाम र ठेगानाः

२. अध्ययन गरिरहेको सङ्काय,तह र वर्ष :

३.व्यक्तिगत विवरणः

<table>
<tr><td rowspan="2">आवेदकको</td><td rowspan="2">नाम थर</td><td colspan="3">देवनागरीमाः</td><td rowspan="2">लिङ्गः</td></tr>
<tr><td colspan="3">अंग्रेजी ठूलो अक्षरमाः</td></tr>
<tr><td rowspan="2">स्थायी ठेगाना</td><td colspan="2">जिल्लाः</td><td colspan="2">गा.पा/उ.म.न.पाः</td><td>वडा नं.:</td></tr>
<tr><td colspan="2">टोलः</td><td colspan="2">घर नं.:</td><td>फोन नं.:</td></tr>
<tr><td colspan="5">पत्राचार गर्ने ठेगानाः</td><td>इमेल</td></tr>
<tr><td colspan="3">बाबुको नाम थरः</td><td colspan="3">आमाको नाम थरः</td></tr>
<tr><td colspan="3">बाजेको नाम थरः</td><td colspan="3">पति, पत्नीको नाम थरः</td></tr>
<tr><td rowspan="2">जन्म मिति( साल,महिना र गते)</td><td colspan="2">वि.सं.माः</td><td colspan="3">ई.सं.माः</td></tr>
<tr><td colspan="5">बुबा आमाको पेशाः</td></tr>
</table>

४. योग्यता सम्बन्धी विवरणः

<table>
<tr><td rowspan="2">क्र.स</td><td rowspan="2">अध्ययन गरेको संस्थाको नाम</td><td colspan="3">उतीर्ण गरेको</td><td rowspan="2">कूल प्राप्ताङ्क</td><td rowspan="2">प्रतिशत</td><td rowspan="2">मुख्य विषयहरू</td></tr>
<tr><td>परीक्षा</td><td>साल</td><td>श्रेणी</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

५.आवेदन फारामका साथ दिन संलग्न कागजातहरूको फोटो कपिमा सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी थान ...............यसै साथ मिति.......................................का पेश गरेको छु ।

६. यस आवेदनमा उल्लेख गरिएका सम्पूर्ण विवरणहरू सत्य छन् । लेखिएको विवरण झुटो ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

ल्याप्चे सहिछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदकको नामः
दस्तखतः

प्रमाणित गर्नेको नामः
पदः
दस्तखत
मितिः २०..........

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

## अनुसूची २

दफा ६. को उपदफा ६.१ बमोजिमको

छनौटका आधारहरू

### क.शैक्षिक उपलब्धिको मूल्यांकन (५० पूर्णाङ्क)

| | | स्नातक तह छात्रवृत्तिका लागि | | | स्नातकोत्तर तह छात्रवृत्तिका लागि | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| क.स | नाम | साधारण तर्फ प्रमाणपत्र तह, सबै प्राविधिक क्षेत्रको हकमा राजपत्र अनङ्कित प्रथम श्रेणी/पाचौ तहका लागि आवश्यक न्यूनतम योग्यता प्रमाणपत्र | | | साधारण तर्फ स्नातक तह, BBS,BPH, BSC Nurising,B Farmacy, BscAG, BVSC, BA बन विज्ञान B Engineer जस्ता प्राविधिक क्षेत्रको प्रमाणपत्र | | | | |
| | | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | ५० | |
| | | ५० | ३५ | २० | ५० | ३५ | २० | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

### ख.अन्य क्षेत्रको मूल्यांकन (५० पूर्णाङ्क)

| क.स | मूल्यांकनका आधारहरू | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | SLC वा SEE अध्ययन गरेको सस्था | २० | | |
| क | सामुदायिक | २० | | |
| ख | सस्थागत | १५ | | |
| २ | बुबा आमाको अवस्था | १५ | | |
| क | बुबा आमा दुवै नभएको | १५ | | |
| ख | आमा भएको बुब नभएको | १२ | | |
| ग | बुबा भएको आमा नभएका | १० | | |
| घ | बुबा आमा भएको | ८ | | |
| ३ | परिवारको प्रमुख आयश्रोत | १५ | | |
| क | कृषि | १५ | | |
| ख | वैदेशिक आय | १२ | | |
| ग | व्यापार | १० | | |
| घ | रोजगारी | ८ | | |
| | जम्मा | ५० | | |

सिलीचोङ गाउँपालिकाको कार्यालय

**अनुसूची ३**

दफा ७. बमोजिमको

छात्रवृत्ति रकम

| क्र.स | संकाय वा विषय | तह | इकाइ | छात्र वृति रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | साधारण विज्ञान | BSC | प्रतिवर्ष | १,००,००० | |
| २ | साधारण विज्ञान | MSC | प्रतिवर्ष | १,२५,००० | |
| ३ | स्वास्थ्य सेवा | MBBS | प्रतिवर्ष | २,५०,००० | |
| ४ | स्वास्थ्य सेवा | MD | प्रतिवर्ष | २,००,००० | |
| ५ | स्वास्थ्य सेवा | BPH | प्रतिवर्ष | १,५०,००० | |
| ६ | स्वास्थ्य सेवा | BSC Nursing | प्रतिवर्ष | १,५०,००० | |
| ७ | स्वास्थ्य सेवा | B Farmacy | प्रतिवर्ष | १,५०,००० | |
| ८ | स्वास्थ्य सेवा | MPH | प्रतिवर्ष | १,७५,००० | |
| ९ | स्वास्थ्य सेवा | MSC Nursing | प्रतिवर्ष | १,७५,००० | |
| १० | स्वास्थ्य सेवा | M Farmacy | प्रतिवर्ष | १,७५,००० | |
| ११ | पशु सेवा | BVSC and AH | प्रतिवर्ष | १,५०,००० | |
| १२ | पशु सेवा | MVSC and AH | प्रतिवर्ष | १,७५,००० | |
| १३ | कृषि सेवा | BSCAg | प्रतिवर्ष | १,५०,००० | |
| १४ | कृषि सेवा | MSCAg | प्रतिवर्ष | १,७५,००० | |
| १५ | वन विज्ञान | स्नातक | प्रतिवर्ष | १,५०,००० | |
| १६ | वन विज्ञान | स्नातकोत्तर | प्रतिवर्ष | १,७५,००० | |
| १७ | इन्जिनियरिङ | Computer BE | प्रतिवर्ष | १,५०,००० | |
| १८ | इन्जिनियरिङ | Mechanical BE | प्रतिवर्ष | १,५०,००० | |
| १९ | इन्जिनियरिङ | Civil BE | प्रतिवर्ष | १,५०,००० | |
| २० | इन्जिनियरिङ | Auto Molile BE | प्रतिवर्ष | १,५०,००० | |
| २१ | इन्जिनियरिङ | Computer ME | प्रतिवर्ष | १,५०,००० | |
| २२ | इन्जिनियरिङ | Mechanical ME | प्रतिवर्ष | १,५०,००० | |
| २३ | इन्जिनियरिङ | Civil ME | प्रतिवर्ष | १,५०,००० | |
| २४ | इन्जिनियरिङ | Auto Molile ME | प्रतिवर्ष | १,५०,००० | |

सिलीचोङ गाउँपालिकाको कार्यालय

**अनुसूची ४**

दफा ८. को उपदफा ८.३ बमोजिमको

भुक्तानी माग निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू मितिः२०
सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय ताम्कु, संखुवासभा ।

विषयः छात्रवृत्ति रकम निकासा गरिदिन हुन बारे ।

प्रस्तुत विषयमा शैक्षिक सत्र.............मा ..................................................अध्ययनरत म........................ च.नं.......सूचना मिति २०...........अनुसार आफु ..........................................मा छात्रवृत्तिको लागि छनौट भएको हुँदा उक्त छात्रवृत्ति रकम निकासा गरिदिनु हुन सादर अनुरोध छ ।

साथै आवश्यक कागजातहरू यसै साथ संलग्न राखी पेश गरेको व्यहोरा अवगत गर्दछु ।

निवेदक

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

सिलीचोङ गाउँपालिका छात्रवृत्ति वितरण

आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

सिलीचोङ  गाउँ कार्यपालिकाको कार्यालय ताम्कु, संखुवासभा ।

विषयः छात्रवत्तिका लागि आवेदन पेश गरेको बारे ।

प्रस्तुत विषयमा त्यस कार्यालयको च.नं............सूचना मिति २०.........................अनुसार आफु योग्य भएको हुँदा यो आवेदन पेश गरेको छु ।

१. अध्ययन गरिरहेको संस्थाको नाम र ठेगानाः

२. अध्ययन गरिरहेको सङ्काय,तह र वर्ष :

३.व्यक्तिगत विवरणः

| | | | |
|---|---|---|---|
| आवेदकको | नाम थर | देवनागरीमाः<br>अंग्रेजी ठूलो अक्षरमाः | लिङ्गः |
| स्थायी ठेगाना | जिल्लाः | गा.पा/उ.म.न.पाः | वडा नं.: |
| | टोलः | घर नं.: | फोन नं.: |
| पत्राचार गर्ने ठेगानाः | | | इमेल |
| बाबुको नाम थरः | | आमाको नाम थरः | |
| बाजेको नाम थरः | | पति, पत्नीको नाम थरः | |
| जन्म मिति(साल,महिना र गते) | वि.सं.माः | ई.सं.माः | |
| | बुबा आमाको पेशाः | | |

४. योग्यता सम्बन्धी विवरणः

| क्र.स | अध्ययन गरेको संस्थाको नाम | उतीर्ण गरेको | | | कूल प्राप्ताङ्क | प्रतिशत | मुख्य विषयहरू |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

५.आवेदन फारामका साथ संलग्न कागजातहरूको फोटो कपिमा सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी थान .....यसै साथ मिति...............................का दिन पेश गरेको छु ।

६. यस आवेदनमा उल्लेख गरिएका सम्पूर्ण विवरणहरू सत्य छन् । लेखिएको विवरण झुटो ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला ।

ल्याप्चे सहिछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

आवेदकको.दस्तखतः

.....................

प्रमाणित गर्नेको दस्तखत

मितिः२०.....

नामः



सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

पदः

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय